केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**पत्र संख्याः** बै.वि.नि.वि/ नीति/परिपत्र/१९/०६५/६६ **मितिः** २०६५/७/२९

ईजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरु

महाशय,

यस बैंकको प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/२६/०६४/६५ मिति २०६४।१०।१५ को पत्रबाट टष्ट्र रिसिप्ट कर्जा वा यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम ९० दिन सम्मको अवधिको लागि मात्र प्रवाह गर्न पाउने व्यवस्था गरिएकोमा देहाय बमोजिमका अवस्थाहरुमा त्यस्तो कर्जाहरु अधिकतम १८० दिनसम्मको अवधिको लागि प्रवाह गर्न सकिने व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क) मिति २०६५।७।२९ सम्ममा भुक्तानी अवधि समाप्त (Matured) भै नसकेका ट्रष्ट रिसिप्ट र यस्तै प्रकृतिका आयात कर्जाहरु ।

(ख) मिति २०६५।७।२९ सम्ममा खोलिएका प्रतितपत्रहरु अन्तर्गत अब उप्रान्त सिर्जना हुने ट्रष्ट रिसिप्ट र यस्तै प्रकृतिका आयात कर्जाहरु । तर, मिति २०६५।७।२९ पश्चात् संशोधन गरी रकम वा परिमाण थप गरिएका प्रतितपत्रहरुको हकमा भने यो व्यवस्था लागू नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

भवदीय,

(रामहरि न्यौपने)
उप-निर्देशक

बोधार्थः

श्री नेपाल राष्ट्र बैंक
- बैंक सुपरिवेक्षण विभाग ।
- वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
- विदेशी विनिमय व्यवस्थापन विभाग ।
- कानून महाशाखा ।
- जिल्ला स्थित कार्यालयहरु ।

श्री नेपाल बैंकर्स संघ
हेरिटेज प्लाजा, काठमाडौं ।

श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल
बबरमहल, काठमाडौं ।

श्री नेपाल वित्त कम्पनी संघ
वागदरवार, बिजनेस कम्प्लेक्स, काठमाडौं ।